# स्थानीय राजपत्र

कञ्चनरुप नगरपालिका सप्तरीद्वारा प्रकाशित

वर्ष ६) संख्या ३ ) मिति : २०८१ साल मंसिर १९ गते

## अस्पताल फार्मेसी सेवा संचालन कार्यविधि, २०८१

### प्रस्तावना

स्वास्थ्य सेवामा प्रभावशाली रुपमा सबैको पहुँच सुनिश्चित गर्नका लागि फार्मेसी विषयका दक्ष जनशक्ति मार्फत फार्मेसी सेवा संचालन गरी विरामी एवं सेवाग्राहीहरुलाई सुलभ, गुणस्तरीय सेवा पुऱ्याउन जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ६४ को अधिकार प्रयोग गरी यस कञ्चनरुप नगरपालिकाले यो कार्यविधि जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम : अस्पताल फार्मेसी सेवा कार्यविधि, २०८१ रहनेछ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाले स्वीकृत गरेको मिति देखि लागू हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(१) "नागरपालिका" भन्नाले "कञ्चनरुप नगरपालिका" सम्झनु पर्दछ ।

(२) "अस्पताल" भन्नाले "कंचनपुर नगर अस्पताल" सम्झनु पर्दछ ।

(३) "फार्मेसी सेवा" भन्नाले यस कंचनपुर नगर अस्पतालमा संचालनमा रहेको र संचालन गरिने औषधी तथा औषधिजन्य सामाग्रीहरुबाट दिईने सेवा सम्झनु पर्दछ ।

(४) "ऐन" भन्नाले "जनस्वास्थ्य सेवा ऐन, २०७५" सम्झनु पर्दछ ।

(५) "नियामावली" भन्नाले " जनस्वास्थ्य सेवा नियमावली, २०७७" सम्झनु पर्दछ ।

(६) "मापदण्ड" भन्नाले "स्वास्थ्य सेवा संचालन मापदण्ड, २०७७" सम्झनु पर्दछ ।

(७) "कमिटी" भन्नाले दफा ३ वमोजिम गठन भएको "ड्रग एण्ड थेराप्युटिक कमिटी" सम्झनु पर्दछ ।

(८) " प्रदेश" भन्नाले "मधेश प्रदेश" सम्झनु पर्दछ ।

३. “ड्रग एण्ड थेराप्युटिक कमिटी” : अस्पतालबाट दिइने फार्मेसी सेवालाई व्यवस्थित एवं प्रभावकारी रुपमा संचालन गर्नका लागि देहाय वमोजिमको अध्यक्ष तथा सदस्यहरु रहने गरी एक ड्रग एण्ड थेराप्युटिक कमिटी गठन गर्नुपर्नेछ :

| | |
|---|---|
| (१) अस्पताल प्रमुख वा निजले तोकेको वरिष्ठ चिकित्सक :- | अध्यक्ष |
| (२) नर्सिङ्ग प्रमुख :- | सदस्य |
| (३) प्रशासन प्रमुख - | सदस्य |
| (४) आर्थिक प्रशासन प्रमुख :- | सदस्य |
| (५) फार्मेसी प्रमुख :- | सदस्य सचिव |

४. कमिटीको काम, कर्त्तव्य र अधिकार : कमिटीको काम, कर्त्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :-

(१) फार्मेसीमा राखिने औषधी तथा औषधिजन्य सामाग्रीहरुको सूची निर्धारण गर्ने ।

(२) आवश्यक्तानुसार औषधि तथा औषधिजन्य सामाग्रीको उत्पादन, उत्पादकत्व तथा आपुर्तिकर्ताहरुको योग्यता निर्धारण गर्ने ।

(३) खरिद गर्न तयार भएको मौजुदा सूचिमा रितपूर्वक दर्ता भई यस अस्पताल फार्मेसीलाई औषधि तथा औषधिजन्य सामाग्रीहरु उपलब्ध गराउन इच्छुक आपुर्तिकर्ताहरु स्थानीय स्तरको आपुर्तिकर्ताहरुबाट वा औषधि, औषधिजन्य सामाग्री उपलब्ध जिल्ला, प्रदेश भित्र वा देश/विदेशबाट भएपनि आपूर्ति गर्ने गराउने ।

(४) खरिद भई आएको औषधि तथा औषधिजन्य सामाग्रीहरुको विक्री मूल्य निर्धारण गर्ने र यसरी विक्री मूल्य निर्धारण गर्दा अधिकतम् खुद्रा मूल्य (Maximum Retail Price) भन्दा बढी हुनु हुँदैन ।

(५) अस्पताल फर्मुलरीको स्वीकृति दिने, परिमार्जन गर्ने वा संशोधन गर्ने ।

(६) औषधिको सेवन तथा प्रयोगबाट हुनसक्ने वा हुने प्रतिकुल प्रभावहरुको (Adverse Drug Reactions) अनुगमन तथा अध्ययन गर्ने ।

(७) अस्पतालबाट प्रदान गरिने उपचार गरिने उपचारको सम्बन्धमा स्तरीय उपचार प्रोटोकोल (Standard Treatment Protocol) तयार गरी लागू गराउने ।

(८) फार्मेसी सेवा संचालन सम्बन्धमा मन्त्रालयबाट प्राप्त निर्देशनहरु कार्यान्वयन गर्ने गराउने ।

५. कमिटीको वैठक सम्बन्धी व्यवस्था :

(१) कमिटीको वैठक कम्तिमा प्रत्येक दुई महिनामा बस्न पर्नेछ ।

(२) वैठक अध्यक्षले बोलाएको मिति र समयमा बस्नेछ ।

(३) कमिटीको वैठक बस्नुभन्दा कम्तिमा पनि अड्चालिस घण्टा अगावै सदस्य सचिवले सबै सदस्यहरुलाई वेठकको कार्यसूची उपलब्ध गराउनुपर्नेछ ।

(४) वैठकको अध्यक्षता अध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा वरिष्ठ चिकित्सकले गर्नेछ ।

(५) कमिटीको वैठकको निर्णय उपस्थित सदस्यको बहुमतबाट हुनेछ । मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(६) वैठकको निर्णय अध्यक्ष र सदस्य सचिवले प्रमाणित गर्नेछ ।

(७) कमिटीको वैठक सम्बन्धी अन्य कार्यविधि कमिटी आफैले निर्धारण गरे वमोजिम हुनेछ ।

६. फार्मेसी प्रमुखको काम, कर्तव्य र अधिकार : फार्मेसी प्रमुखको कार्य, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :-

(१) कमिटीको निर्णय कार्यान्वयन गर्ने गराउने ।

(२) कमिटीको वैठकको लागि प्रस्ताव तयार गरी पेश गर्ने ।

(३) औषधि तथा औषधिजन्य सामाग्रीहरुको सूची तयार गर्ने गराउन र कमिटीबाट अनुमोदन गराउने ।

(४) फार्मेसी सेवाको समग्र व्यवस्थापन गर्ने ।

(५) मातहतका कर्मचारीहरुको सुपरिवेक्षण गर्ने ।

(६) कमिटीले तोकेको अन्य कार्यहरु गर्ने ।

७. नि:शुल्क औषधी वितरण गर्ने सम्बन्धी व्यवस्था :-

(१) नेपाल सरकारबाट नि:शुल्क वितरण गर्ने भनि तोकिएका औषधिहरु सरकारी अस्पताल फार्मेसीले नि:शुल्क उपलब्ध गराउनु पर्नेछ ।

(२) नि:शुल्क वितरण गरिने औषधिहरुको व्यवस्थापन छुट्टै गर्नु पर्नेछ ।

(३) नि:शुल्क वितरण गरिने औषधिहरुको सूची सबैले देख्ने गरी राख्नुपर्नेछ ।

८. फार्मेसी सेवा संचालनका लागि आवश्यक जनशक्ति तथा अन्य व्यवस्था : अस्पताल फार्मेसी संचालनको लागि आवश्यक पर्ने जनशक्ति तथा अन्य व्यवस्था “स्वास्थ्य संस्था संचालन मापदण्ड, २०७७” मा तोकिए वमोजिम हुनुपर्नेछ ।

९. स्तरीय संचालन फार्मेसी कार्यविधि (Standard Operation Procedure) निर्माण गर्नुपर्ने :

(१) कुशल फार्मेसी अभ्यास (Good Pharmacy Practice) अनुकुल हुने गरी औषधि खरिद, भण्डारण, औषधिको गुणस्तर कायम गर्ने, इन्भेटोरी व्यवस्थापन, लागू तथा मनोद्विपक औषधिहरुको भण्डारण, औषधिको गुज्रने म्याद, फोहोर व्यवस्थापन, किरा तथा मुसाको नियन्त्रण सम्बन्धमा अस्पतालले स्तरीय संचालन कार्यविधि निर्माण गर्नुपर्नेछ ।

(२) दफा (१) वमोजिम बनाइएका स्तरीय संचालन कार्यविधि कार्यान्वयन गर्नु फार्मेसी प्रमुखको कर्तव्य हुनेछ ।

| | |
|---|---|
| **प्रमाणित मिति २०८१ मंसिर ०७ गते** | **आज्ञाले**<br>**(नवराज खड्का)**<br>**प्रमुख प्रशासकीय अधिकृत** |